# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या :२०७९/०८०
चलानी नं. : -

सूचना नं. ११४/२०७९-०८०

मितिः २०८०/०३/२२

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना!!

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) को उपनियम (१) मा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणका लागि निवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा मिति २०७९/०६/१० मा भएको दोस्रो संशोधन अनुसार उक्त नियममा साविकको व्यवस्थामा संशोधन भइ भाद्र मसान्तभित्र निवेदन दिनुपर्ने व्यबस्था भएकोले आ.व. २०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुले स्वयम् उपस्थित भई श्रावण १ गते देखि भाद्र मसान्तभित्र अनिवार्य रुपमा नाम नवीकरण गर्नुहुन सूचित गरिन्छ। बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बावु वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नुहुनेछ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु :

- १३(तेह) अङ्क सहितको लाभग्राही परिचयपत्र,
- दुई प्रति पासपोर्ट साइजको फोटो,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित बैङ्कवाट जारी भएको चेकको प्रतिलिपि,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- न्यायिक पृथकीकरण गरी बसेको महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- विवाह नगरेको महिलाको हकमा वडाको अविवाहित सिफारिस पत्र,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

पुनश्च :तोकिएको समयमा नाम नवीकरणका लागि निवेदन पेश नभएमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिनुपर्ने व्यवस्था रहेकोले सोहि अनुसार हुने जानकारीका लागि अनुरोध छ ।

थप जानकारीका लागि चन्द्रकोट गाउँपालिका (सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई), एम.आई.एस अपरेटर श्री पवन पोखेललाई (९८५७०८८९१२) र फिल्ड सहायक श्री यम बहादुर के.सी (९८५७०८८९१४) मा सम्पर्क गर्न सक्नुहुनेछ।

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत